**बैठक संख्याः २०७८।०७९ – ००८**

बैठकः बारागुङ मुक्तिक्षेत्र गाउँपालिका, मुस्ताङको गाउँ कार्यपालिका बैठक ।
मिति र समयः वि. स. २०७८ साल चैत्र २४ गते विहीबार दिनको १ बजेदेखी सुरु ।
अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री फेन्चोक छेसेन ज्यू ।
स्थानः गाउपालिका केन्द्र, कागवेनी, मुस्ताङ ।
उपस्थित पदाधिकारीहरुको विवरणः

| क स | पदाधिकारीको नाम थर | कार्यालय र पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री फेन्चोक छेसेन गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका अध्यक्ष | | |
| २ | श्री दिकी गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका उपाध्यक्ष | | |
| ३ | श्री जित बहादुर राना | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत | | |
| ४ | श्री विर बहादुर गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न १ वडाअध्यक्ष एंव सदस्य | | |
| ५ | श्री छिन नाम्ग्या गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न २ वडाअध्यक्ष एंव सदस्य | | |
| ६ | श्री नविन कुमार गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ३ वडाअध्यक्ष एंव सदस्य | | |
| ७ | श्री तेन्जिङ नाम्गेल गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ४ वडाअध्यक्ष एंव सदस्य | | |
| ८ | श्री राप्के गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका वडा न ५ वडाअध्यक्ष एंव सदस्य | | |
| ९ | श्री साङ्गे छिरिङ गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १० | श्री फुल कुमारी विश्वकर्मा | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| ११ | श्री लक्ष्मी कुमारी गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १२ | श्री देवी गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १३ | श्री फुलमाया वि.क. | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| १४ | श्री छिरिङ आङ्ग्याल गुरुङ | बारागुङ मुक्तिक्षेत्र गाउँपालिका कार्यपालिका सदस्य | | |
| | सहयोगी राष्ट्रसेवक कर्मचारीहरु | | | |
| १५ | श्री जनार्दन आचार्य | वरिष्ठ कविराज निरीक्षक सातौं बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १६ | श्री अमृत प्रसाद रेग्मी | लेखा अधिकृत छैटौं बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |
| १७ | श्री प्रेम प्रसाद भट्टराई | आलेप सहायक पाँचौं बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | सूचना अधिकारी |
| १८ | श्री देवेन्द्र बहादुर थापा | सहायक चौथो बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | प्रशासन शाखा प्रमुख |
| १९ | श्री रोशनी नेपाली | कार्यालय सहयोगी बारागुङ मुक्तिक्षेत्र गाउँपालिका | | |

प्रस्तावहरुः-

२०७८।०७९-००८।०१ रिक्त रहेका शाखाहरुको शाखा प्रमुख तोक्ने सम्बन्धमा।
२०७८।०७९-००८।०२ विभिन्न कार्यक्रमहरुको एकमुष्ठ बजेटबाट योजना बाँडफाँड सम्बन्धमा।
२०७८।०७९-००८।०३ विभिन्न कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा।
२०७८।०७९-००८।०४ दरबन्दी मिलान सम्बन्धमा।
२०७८।०७९-००८।०५ लेखा समिति र योजना फरफारक समिति गठन सम्बन्धमा।
२०७८।०७९-००८।०६ आय र व्ययको समीक्षा सम्बन्धमा।
२०७८।०७९-००८।०७ भेरियसन आदेशको रकम भुक्तानी दिने सम्बन्धमा।
२०७८।०७९-००८।०८ आ.व.२०७८।७९ को योजना अगाडी बढाउने सम्बन्धमा।
२०७८।०७९-००८।०९ गाउँपालिका भवनको ठेक्काको म्याद थप वा के गर्ने सम्बन्धमा।
२०७८।०७९-००८।१० करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धमा।
२०७८।०७९-००८।११ विविध सम्बन्धमा।

निर्णयहरुः-

निर्णय नं २०७८।०७९-००८।०१

प्रस्ताव नं २०७८।०७९-००८।०१ को प्रस्ताव माथी छलफल गर्दा यस बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा रिक्त रहेका तपसिल बमोजिमका शाखाहरुको जिम्मेवारी तपसिल बमोजिमका कर्मचारीहरुलाई दिने निर्णय गरियो ।

तपसिल

| सि.नं. | रिक्त रहेको शाखा | जिम्मेंवारी तोकिएको कर्मचारीको नाम र पद | हाल जिम्मा रहेको शाखा | कैफियत |
|---|---|---|---|---|
| १ | स्थानीय तह वित्तीय जोखिम मूल्यांकन फोकल पर्सन (Fiduciary Risk Assessment-FRA) | देवेन्द्र बहादुर थापा (सहायक चौथो) | ३ नं वडा सचिव र प्रशासन शाखा | |
| २ | जिन्सी शाखा | देवेन्द्र बहादुर थापा (सहायक चौथो) | ३ नं वडा सचिव र प्रशासन शाखा | |
| ३ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) | देवेन्द्र बहादुर थापा (सहायक चौथो) | ३ नं वडा सचिव र प्रशासन शाखा | |
| ४ | योजना शाखा | प्रेम प्रसाद भट्टराई (आ.ले.प. सहायक पाँचौ) | आ.ले.प. शाखा | |
| ५ | सूचना अधिकारी | प्रेम प्रसाद भट्टराई (आ.ले.प. सहायक पाँचौ) | आ.ले.प. शाखा | |
| ६ | शिक्षा शाखा | जनार्दन आचार्य (वरिष्ठ कविराज निरीक्षक सातौं) | आयुर्वेद शाखा | |
| ७ | राजश्व शाखा | अमृत प्रसाद रेग्मी (लेखा अधिकृत छैठौं) | आर्थिक प्रशासन शाखा | |
| ८ | महिला, बालवालिका तथा जेष्ठ | शारदा आचार्य पौडेल | आयुर्वेद शाखा | |



अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | नागरिक शाखा | (वरिष्ठ वैध पाँचौ) | | |
| ९ | प्राविधिक शाखा | विकास देव (अ.स.ई. चौथो) | प्राविधिक शाखा | |
| १० | पञ्जीकरण शाखा | रोजगार संयोजक सोनोपल थकाली | रोजगार शाखा | |

**निर्णय नं २०७८।०७९-००८।०२**

प्रस्ताव नं २०७८।०७९-००८।०२ को प्रस्ताव माथी छलफल गर्दा यस बारागुङ मुक्तिक्षेत्र गाउँसभाबाट विनियोजित तथा नेपाल सरकार र प्रदेश सरकारबाट विनियोजित तपसिल बमोजिमका एकमुष्ट बजेटबाट तपसिल बमोजिका विभिन्न योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

तपसिल

क. महिला सशक्तिकरण कार्यक्रमः कुल बजेट रु. २५,००,०००/-(अक्षरुपी रु. पच्चिस लाख मात्र ।)

| सि.नं. | योजनाको नाम | ठेगाना | स्वीकृत रकम रु | कैफियत |
|---|---|---|---|---|
| १. | खिङखर झो महिला समूह | बा.मु.गा.पा.-१, खिङ्गा | ५,००,०००/- | मितिः २०७८।१२।०१ को महिला सशक्तिकरण कार्यक्रमको मूल्यांकन तथा स्विकृत समितिका अध्यक्ष एंव गापा उपाध्यक्ष दिकी गुरुङ ज्यूको अध्यक्षताको बैठकको निर्णयानुसार स्वीकृत । |
| २. | छ्योखोर महिला समूह | बा.मु.गा.पा.-२, छ्योखोर | ३,००,०००/- | |
| ३. | समर महिला समूह | बा.मु.गा.पा.-३, समर | २,००,०००/- | |
| ४. | ढाकरजुङ महिला समूह | बा.मु.गा.पा.-५, ढाकारजुङ | २,००,०००/- | |
| ५. | ताङ्वे महिला समूह | बा.मु.गा.पा.-३, ताङ्वे | २,००,०००/- | |
| ६. | दिपज्योति महिला समूह | बा.मु.गा.पा.-३, तेताङ | २,००,०००/- | |
| ७. | महिला सशक्तिकरण तालिम | सबै वडा अन्तर्गतका १९ गाउँका महिला समूह | ५,५०,०००/- | |
| ८. | लैगिक हिंसा न्यूनीकरण तालिम | गाउँपालिका | ५०,०००/- | |
| ९. | महिला सिलाई तालिम संचालन | गाउँपालिका | ३,००,०००/- | |
| कुल जम्मा | | | २५,००,०००/- | पच्चिस लाख मात्र । |

**ख. प्रधानमन्त्री रोजगार कार्यक्रम**

अ. कामका लागि पारिश्रमिक अनुदान: रु. ४६,५३,०००/- (अक्षरुपी रु छयालीस लाख त्रिपन्न हजार मात्र )- कुल ६८ जना बेरोजगारलाई बढीमा १०० दिनको काम दैनिक रु.६८०/- को दरले रोजगारी दिने । साथै यस आर्थिक वर्षमा यस पालिकामा सूचीकृत भएका संलग्न ८४ जना बेरोजगारीको नाम स्वीकृत गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | ठेगाना | बजेट रु | क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|
| १ | रानीपौवा सिँचाई कुलो मर्मत तथा बाटो सरसफाई योजना | वा.मु.गा.पा.-१, मुस्ताङ | १०३००० | कृषि, सहकारी तथा पशु विकास | |
| २ | रानीपौवा खानेपानी पाइप पुर्ने तथा सरसफाई योजना | वा.मु.गा.पा.-१, मुस्ताङ | १००००० | खानेपानी तथा सरसफाई | |
| ३ | खिङ्गा सिँचाई कुलो मर्मत योजना | वा.मु.गा.पा.-१, मुस्ताङ | १५०००० | कृषि, सहकारी तथा पशु विकास | |
| ४ | पुटाक सिँचाई तथा पोखरी सरसफाई योजना | वा.मु.गा.पा.-२, मुस्ताङ | ३२०००० | कृषि, सहकारी तथा पशु विकास | |
| ५ | पुटाक गोरेटो बाटो निर्माण योजना | वा.मु.गा.पा.-२, मुस्ताङ | ४५०००० | सडक तथा यातायात | |
| ६ | झोङदेखि झारकोट जाने गोरेटो बाटो निर्माण योजना | वा.मु.गा.पा.-२, मुस्ताङ | ४५०००० | सडक तथा यातायात | |
| ७ | छेङगुर खानेपानी पाइप पुर्ने योजना | वा.मु.गा.पा.-२, मुस्ताङ | ३००००० | खानेपानी तथा सरसफाई | |
| ८ | छेङ्गुर सिँचाई तथा कुलो मर्मत योजना | वा.मु.गा.पा.-२, मुस्ताङ | ३००००० | कृषि, सहकारी तथा पशु विकास | |
| ९ | घ्याकर खेत जाने बाटो निर्माण योजना | वा.मु.गा.पा.-३, मुस्ताङ | २००००० | सडक तथा यातायात | |
| १० | घ्याकर विद्यालय वरपर वृक्षारोपण गर्ने योजना | वा.मु.गा.पा.-३, मुस्ताङ | २००००० | वन तथा वातावरण | |
| ११ | गुम्बा घाङ जाने गोरेटो बाटो निर्माण योजना | वा.मु.गा.पा.-३, मुस्ताङ | २५०००० | सडक तथा यातायात | |
| १२ | छुसाङ वृक्षारोपण गर्ने योजना | वा.मु.गा.पा.-३, मुस्ताङ | २००००० | वन तथा वातावरण | |
| १३ | तेताङ सिँचाई कुलो मर्मत योजना | वा.मु.गा.पा.-३, मुस्ताङ | ४००००० | कृषि, सहकारी तथा पशु विकास | |
| १४ | मुक्तिनाथ जाने बाटो सरसफाई योजना | वा.मु.गा.पा.-४, मुस्ताङ | ३५०००० | सडक तथा यातायात | |
| १५ | तिरी स्याउ बगैंचा जाने बाटो मर्मत योजना | वा.मु.गा.पा.-४, मुस्ताङ | ७०००० | सडक तथा यातायात | |
| १६ | तिरी ताल वरपर वृक्षारोपण योजना | वा.मु.गा.पा.-४, मुस्ताङ | ७०००० | वन तथा वातावरण | |
| १७ | तिरीको पोखरीदेखि मुहानसम्म | वा.मु.गा.पा.-४, | ७०००० | कृषि, सहकारी तथा | |



अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| | कुलो सरसफाइ योजना | मुस्ताङ | | पशु बिकास | |
| १८ | झारकोट गुम्बा वरपर सरसफाई योजना | वा.मु.गा.पा.-१, मुस्ताङ | ७०००० | खानेपानी तथा सरसफाई | |
| १९ | समर वृक्षारोपण योजना | वा.मु.गा.पा.-३, मुस्ताङ | ३००००० | | |
| २० | लुम्बुक गुफा जाने बाटो निर्माण योजना | वा.मु.गा.पा.-५, मुस्ताङ | ३००००० | | |
| कूल जम्मा | | | | | |

आ.रोजगार सेवा केन्द्रको संचालनः २,०५,०००/-(अक्षरुपी रु दुई लाख पाँच हजार मात्र ।)

| सि नं | खर्च शिर्षकको नाम | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | संचार | १२,०००/- | |
| २ | कार्यालय संचालन | ३०,०००/- | |
| ३ | अनुगमन तथा मूल्यांकन | १,४४,०००/- | |
| ४ | विविध | १९,०००/- | |
| कूल जम्मा | | २,०५,०००/- | |

इ.रोजगार सेवा केन्द्रको सुदृढीकरण  २,००,०००/-(अक्षरुपी रु दुई लाख मात्र ।)

| सि नं | खर्च शिर्षक | बजेट रु | कैफियत |
|---|---|---|---|
| १ | प्रिन्टर | ४०,०००/- | |
| २ | स्क्यानर | ४०,०००/- | |
| ३ | क्यामेरा | १,२०,०००/- | |
| कूल जम्मा | | २,००,०००/- | |

ग.आयमूलक कार्यका लागि स्वरोजगार कार्यक्रमः ३०,००,०००/- (अक्षरुपी रु.तीस लाख मात्र ।)

मितिः २०७८।१२।०१ गते वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष एंव आयमूलक कार्यका लागि स्वरोजगार कार्यक्रमको मूल्यांकन तथा स्वीकृत समितिका अध्यक्ष श्री फेन्चोक छेसेन गुरुङ ज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयबाट भएका योजनाहरु स्वीकृत गर्ने निर्णय गरियो ।

अध्यक्ष

निर्णय नं २०७८।०७९-००८।०३

प्रस्ताव नं २०७८।०७९-००८।०३ प्रस्ताव माथी छलफल गर्दा यस गाउँपालिकाको कार्यसंचालनलाई प्रभावकारी बनाउनको लागि तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय गरियो । (कार्यविधिहरु यसै निर्णयसाथ संलग्न छन् ।)

| सि न | कार्यविधिको नाम | उद्धेश्य | कैफियत |
|---|---|---|---|
| १ | विशेष अनुदान संचालन सम्बन्धी कार्यविधि, २०७८ | छुसाङ भ्राका बाख्रापालन समूहलाई नेपाल सरकारबाट प्राप्त रु. १,२९,००,०००/- अक्षरुपी रु एक करोड उनान्तीस लाख । लगायतका बजेटहरु कार्यान्वयनमा ल्याउन । | |
| २ | कर्मचारी प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७८ | गाउँपालिकामा सरुवा भई कर्मचारीहरुको अभावका कारण एक जना कर्मचारीलाई थप जिम्मेवारी दिनुपर्ने भएकाले प्रोत्साहन स्वरुप कर्मचारीलाई सुविधा प्रदान गरी सेवा प्रवाहलाई चुस्त दुरुस्तताका साथ प्रभावकारी बनाउन । | |

निर्णय नं २०७८।०७९-००८।०४

प्रस्ताव नं २०७८।०७९-००८।०४ माथी छलफल गर्दा यस गाउँपालिकाको देहाय बमोजिमको दरबन्दी तेरिज संसोधन गर्ने निर्णय गरियो ।

| सि नं | पद | तह | सेवा | समूह | उपसमूह | दरवन्दी |
|---|---|---|---|---|---|---|
| १ | हेल्थ असिस्टेन्ट/ज.स्वा.नि. | ५/६/७ | हेल्थ इन्सपेक्सन | - | - | १ |

निर्णय नं २०७८।०७९-००८।०५

प्रस्ताव नं २०७८।०७९-००८।०५ माथी छलफल गर्दा गाउँपालिकाको अनियमित प्रकृतिको बेरुजु नियमित गर्ने तथा अन्य प्रयोजनको लागि तपसिल बमोजिमको एक लेखा समिति र योजना सम्पन्न भएपश्चात भुक्तानीको लागि सहजीकरणका लागि फरफारक समिति गठन गर्ने निर्णय गरियो।

तपसिलः

क. लेखा समिति

| सि नं | पदाधिकारीको विवरण | पद | नाम | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | संयोजक | उपाध्यक्ष | |
| २ | अध्यक्षले तोकेको वडाध्यक्ष १ जना | सदस्य | | |
| ३ | अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना | सदस्य | | |
| ४ | प्रमुख प्रशासकीय अधिकृतले तोकेको १ कर्मचारी | सदस्य | | |
| ५ | गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य सचिव | शाखा प्रमुख | |
| कूल पदाधिकारी | | ५ जना | | |

ख. फरफारक समिति

| सि नं | पदाधिकारीको विवरण | पद | नाम | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | संयोजक | अध्यक्ष | |
| २ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | प्र प्र अ | |

अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | अध्यक्षले तोकेको कार्यपालिका सदस्य १ जना | सदस्य | | |
| ४ | अध्यक्षले तोकेको गाउँसभा सदस्य १ जना | सदस्य | | |
| ५ | गाउँपालिकाको योजना शाखा प्रमुख | सदस्य सचिव | योजना शाखा प्रमुख | |
| कूल पदाधिकारी | | ५ जना | | |

**निर्णय नं २०७८।०७९-००८।०६**

प्रस्ताव नं २०७८।०७९-००८।०६ मार्थी छलफल गर्दा गाउँपालिकाको आजको मितिसम्मको आय र व्ययको विवरण तपसिल बमोजिम रहेको व्यहोरा अवगत भई समीक्षा गरियो।

तपसिल

क. व्ययतर्फ

| सि नं | शिर्षक | कुल विनियोजित बजेट रु | खर्च रकम रु | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु खर्च | २३,२४,७५,६७६/- | १०,२०,६१,९३६/- | ४३.९% | |
| २ | पुँजीगत खर्च | १९,३४,२२,०००/- | ६४,६२,२८५/- | ३.३४% | |
| कुल जम्मा | | ४२,५८,९७,६७६/- | १०,८५,२४,२२१/- | २५.४८% | समग्र |

ख. आयतर्फ

| सि नं | शिर्षक | कुल प्रक्षेपित आय रु | हालसम्मको आय रु | आय प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आम्दानी | ३५,५८,९७,६७६/- | २२,०३,७९,२३८/- | ६१.९२% | |

**निर्णय नं २०७८।०७९-००८।०७**

प्रस्ताव नं २०७८।०७९-००८।०७ माथी छलफल गर्दा यस गाउँपालिकाको प्रशासकीय भवन निर्माणको शुरुमा लागत अनुमानमा यस ठाउँको संस्कृति झल्कने खालका भित्ताहरुमा चिप्स लगाउने र झ्यालहरुमा घुरुङ राख्ने कार्यहरुको खर्च भुक्तानी गर्ने भनी मितिः २०७८।११।१५ को गाउँसभाको निर्णय नं ५ मा निर्णय भइसकेको अवस्थामा यस गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ को नियम १२७ बमोजिम भेरियसन आदेश जारी गराउने क्रममा लागत अनुमान रु. ११,००,९२७।५७ (अक्षरुपी रु. एघार लाख नौ सय सत्ताइस र पैसा सन्ताउन्न मात्र।) गाउँपालिका अध्यक्ष ज्यूबाट स्वीकृत भई मितिः २०७८।११।१६ गते निर्माण व्यवसायी श्री गीता/श्री क्रियटिभ, स्याङ्जासँग दररेट माग भएकोमा निजले रु. १०४८६५६/९५ (अक्षरुपी रु.दश लाख अट्चालीस हजार छ सय छपन्न र पैसा पन्चानब्बे मात्र।) पेश गरेकोमा उक्त कबोल भेरियसन रकम मितिः २०७८।११।१८ मा अध्यक्ष ज्यूबाट स्वीकृत भएकोमा काम भएपश्चात उक्त रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं २०७८।०७९-००८।०८**

प्रस्ताव नं २०७८।०७९-००८।०८ माथी छलफल गर्दा आ.व.२०७८।७९ को योजनाहरु संचालनको लागि यस गाउँपालिकामा कार्यरत ईन्जिनियर श्री विपीन श्रेष्ठ सरुवा भई जानुभएकोमा हाल मौज्दात रहेका तपसिल बमोजिमका प्राविधिक कर्मचारीहरुलाई निम्न वडाहरु हेर्ने जिम्मेवारी दिने निर्णय गरियो।

| सि नं | वडा नं हरु | प्राविधिक कर्मचारीको नाम | कैफियत |
|---|---|---|---|
| १ | १,३ र ५ | अ.स.ई. विकास देव | |
| २ | २ र ४ | अ.स.ई. मान बहादुर सार्की | |

**निर्णय नं २०७८।०७९-००८।०९**



अध्यक्ष

प्रस्ताव नं २०७८।०७९-००८।०९ माथी छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको ठेक्का अवधि मितिः २०७८ चैत्र मसान्तसम्म रहेकोमा निज श्री गीता/श्री क्रियटिभ स्याङ्जालाई गाउँपालिकाले लागत अनुमानमा रहेको कार्यहरु भन्दा बाहेकका भित्ताहरुमा चिप्स लगाउने र झ्यालहरुमा घुरुङ राख्ने कार्यहरु भेरियसन आदेशबाट गराएकोले ठेक्का अवधिको म्याद मितिः २०७९ वैशाख २९ सम्मको लागि थप गर्ने निर्णय गरियो । साथै मितिः २०७८।१२।२१ गते यस गाउँपालिका अध्यक्ष श्री फेन्चोक छेप्मेन गुरुङ ज्यूको संयोजकत्वमा भएको अनुगमन समितिको प्रतिवेदनअनुसार झ्याल तथा ढोका गुणस्तरको प्रयोग नगरेको देखिएकोले गुणस्तरयुक्त काठको प्रयोग गरी झ्याल तथा ढोका राख्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २०७८।०७९-००८।१०

प्रस्ताव नं २०७८।०७९-००८।१० माथी छलफल गर्दा यस गाउँपालिकामा रिक्त रहेका तपसिल बमोजिमका करारका कर्मचारीहरु पूर्तिका लागि विज्ञापन गर्ने निर्णय गरियो ।

तपसिल

१. सूचना प्रविधि अधिकृत
२. एमआइएस अपरेटर
३. एमआइएस फिल्ड सहायक

निर्णय नं २०७८।०७९-००८।११

प्रस्ताव नं २०७८।०७९-००८।१० माथी छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो ।

१. कर्म घ्यचो गुरुङलाई गाउँपालिकाको सामान ढुवानी गरेवापतको ढुवानी रकम रु. २४०००/- अक्षरुपी रु. चौवीस हजार विविध खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो ।
२. गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्ने क्रममा छेर्तेन साङ्गो गुरुङको जग्गामा निर्माण सामग्री राख्न प्रयोग गर्नुपर्ने भएकोले निज जग्गा धनीलाई क्षतिपूर्ति स्वरुप रु.३००००/- अक्षरुपी रु.तीस हजार मात्र । दिने निर्णय गरियो ।

आजको कार्यपालिका बैठक समापन गर्ने ।